# ICE सँगको व्यवहारमा **आफ्नो अधिकारहरूलाई जान्नुहोस्**

**यदि ICE (Immigration and Customs Enforcement (इमिग्रेसन एण्ड कस्टम इन्फोर्समेन्ट)) का एजेन्टहरू तपाईं नजिक आएमा तपाईंसँग पनि आफ्ना अधिकारहरू हुन्छन् !**

## यदि ICE मेरो ढोकामा आइपुगेमा मैले के गर्न सक्छु ?

- तपाईंले ICE का लागि तत्कालै ढोका खोल्न आवश्यक छैन र तपाईंले ICE सँग कुरा गर्नैपर्छ भन्ने छैन ।
- **बन्द ढोकाको पछाडिबाट** तपाईंले उनीहरूलाई उनीहरू को हो भनेर सोध्न र उनीहरूको बैज, परिचयपत्र वा बिजनेस कार्डलाई झ्याल वा ढोकाको प्वालबाट देखाउन वा बन्द ढोकाबाट छिराउन भन्न सक्नुहुन्छ ।
- तपाईंले उनीहरूसँग **न्यायिक वारेन्ट**

यदि उनीहरूले **छैन** भन्छन् भने तपाईंले उनीहरूलाई भित्र आउन दिन आवश्यक छैन । तपाईंले यसो भन्न सक्नुहुन्छ,

"म तपाईंहरूसँग कुरा गर्न चाहन्न ।"

यदि उनीहरूले **छ** भन्छन् भने तपाईंले उनीहरूलाई त्यसलाई ढोका मुनिबाट छिराउन भन्न सक्नुहुन्छ । यो न्यायिक वारेन्ट हो कि होइन भनेर थाहा पाउनका लागि वारेन्टमा कसले हस्ताक्षर गरेको छ भनेर हेर्नुहोस् ।

न्यायिक वारेन्ट भनेको अदालतबाट न्यायाधीशबाट हस्ताक्षर गरिएको वारेन्ट हो । उदाहरणका लागि, न्यायाधीशका हस्ताक्षरहरूको अगाडि "सम्मानीय (Honorable/Hon.)," "न्यायाधीश (Judge)" "जस्टिस (Justice)" वा "मजिस्ट्रेट (Magistrate)" हुन सक्छ ।

- सार्वजनिक सुरक्षाका लागि खतरा वा कसैको जीवनमा खतरा जस्ता आपतकालीन स्थितिहरूमा ICE तपाईंको अनुमति नलिकन आउन सक्छ । यदि यस्तो भएमा पनि तपाईंले ICE सँग कुरा गर्न आवश्यक छैन ।
- यदि ICE ले अरू कोहीलाई खोजिरहेको छ भने **तपाईंले कुरा गर्न आवश्यक छैन ।** यदि तपाईंले कुरा गर्न चाहेको भएमा तपाईंले ICE लाई आफ्नो सम्पर्क जानकारी छोडेर जान भन्न सक्नुहुन्छ । तपाईंले ICE लाई सो व्यक्ति कहाँ छन्/छिन् भनेर बताउन आवश्यक नभएता पनि गलत जानकारी उपलब्ध गराउँदा भने यसले तपाईंलाई जोखिममा पार्न सक्छ ।

## यदि ICE मेरो घरभित्र नै आइपुगेमा मैले के गर्न सक्छु ?

- यदि तपाईंको अनुमतिबिना नै ICE तपाईंको घरमा भित्र पसेमा तपाईंले स्पष्ट रूपमा उनीहरूलाई निम्न कुरा भन्न सक्नुहुन्छ: **"म तपाईंहरूलाई मेरो घरमा रहन अनुमति दिन्नँ । कृपया बाहिर जानुहोस् ।"** यति भन्दा यसले उनीहरूलाई सधैं नरोक्न सक्छ तर यसले भविष्यका कुनै पनि कानुनी मामिलाहरूमा मद्दत गर्न सक्नेछ ।
- यदि ICE ले तपाईंको घरमा कोठा वा सामानहरूमा खानतलासी सुरु गरेमा तपाईंले उनीहरूलाई **"म खानतलासीका लागि अनुमति दिन्नँ"** भन्न सक्नुहुन्छ । यदि अनुमतिबिना नै उनीहरूले खानतलासीलाई जारी राखेमा तपाईंले **यसलाई दोहोर्‍याइरहन** सक्नुहुन्छ ।
- तपाईंले उनीहरूलाई तपाईंको घरमा **बालबालिकाहरू** वा **जोखिममा रहेका अन्य निवासीहरू** छन् भनेर बताउन सक्नुहुन्छ ।

## यदि ICE ले मलाई सडक वा सार्वजनिक स्थलमा रोकेमा मैले के गर्न सक्छु ?

- तपाईंले कुनै पनि कुरा भन्नुभन्दा अगाडि तपाईंले **"के म जान सक्छु ?"** भनेर सोध्न सक्नुहुन्छ ।

यदि उनीहरूले **सक्नुहुन्छ** भन्छन् भने: तपाईंले यसो भन्न सक्नुहुन्छ,

**"म तपाईंका प्रश्नहरूको जवाफ दिन चाहन्नँ ।"**

यदि उनीहरूले **सक्नुहुन्न** भन्छन् भने: तपाईंले यसो भन्न सक्नुहुन्छ,

**"म मौन बस्न चाहन्छु ।"**

यदि ICE का एजेन्टहरूले तपाईंको खल्ती वा मालसामानहरूमा खानतलासी गर्न प्रयास गरेमा तपाईंले यसो भन्न सक्नुहुन्छ,

**"म खानतलासीका लागि अनुमति दिन्नँ ।"**

यदि उनीहरूले केही गरेर तपाईंको खानतलासी गरे र तपाईंले भौतिक रूपमा उनीहरूलाई रोक्न सक्नुहुन्न तर तपाईंले त्यसलाई स्पष्ट रूपमा भन्नुभएको छ भने यो भविष्यका कुनै पनि कानुनी मामिलाहरूमा महत्त्वपूर्ण हुन सक्नेछ ।

## यदि ICE मेरो कार्यस्थलमा आइपुगेमा मैले के गर्न सक्छु ?

- ICE कुनै पनि प्रकारको वारेन्ट आवश्यक नपर्नेगरी कुनै पनि कार्यस्थलको **सार्वजनिक स्थानमा** प्रवेश गर्न सक्छन् ।
- **सार्वजनिक स्थानहरूमा** निम्न पर्न सक्छन्: अफिस लबि, सुपरमार्केट, रिटेल स्टोर वा रेस्टुरेन्टको खानेकुरा खाने ठाउँ ।
- ICE सँग **तपाईंको रोजगारदाताको अनुमति** वा **न्यायिक वारेन्ट** नहुँदासम्म उनीहरूको कुनै कार्यस्थलको **निजी स्थानमा** कानुनी रूपमा प्रवेश गर्न सक्दैनन् ।
- **निजी स्थानहरू** भनेको कर्मचारीहरूका लागि मात्र ठाउँहरू हुन् जसमा विश्राम कक्ष वा कार्यस्थलको स्टोरेज कक्ष हुन सक्छन् ।
- **रोजगारदाताहरूले** ICE लाई आफ्नो परिचयपत्र देखाउन भन्न सक्नुहुन्छ र ICE सँग न्यायिक वारेन्ट छ कि छैन भनेर सोध्न सक्नुहुन्छ ।
- सबै सार्वजनिक स्थानहरूमा झैं, यदि काममा हुँदा ICE तपाईं नजिक आएमा **तपाईंले उनीहरूको प्रश्नहरूको जवाफ दिन आवश्यक छैन** र उनीहरूलाई आफ्नो रोजगारदातासमक्ष जान भन्न सक्नुहुन्छ ।
- सधैं झैं, यदि ICE का एजेन्टहरूले तपाईंको खल्ती वा मालसामानहरूमा खानतलासी गर्न प्रयास गरेमा तपाईंले यसो भन्न सक्नुहुन्छ, **"म खानतलासीका लागि अनुमति दिन्नँ ।"** यदि उनीहरूले केही गरेर तपाईंको खानतलासी गरे र तपाईंले भौतिक रूपमा उनीहरूलाई रोक्न सक्नुहुन्न तर तपाईंले स्पष्ट रूपमा अनुमति दिन्नँ भन्नुभएको छ भने यो भविष्यका कुनै पनि कानुनी मामिलामा महत्त्वपूर्ण हुन सक्नेछ ।

## यदि मलाई पक्राउ गरिएमा के गर्ने ?

- यदि तपाईंका **चिकित्सकीय समस्याहरू** छन् वा तपाईंले **बालस्याहारको व्यवस्था मिलाउन** आवश्यक छ भने तपाईंले त्यस बारेमा ICE लाई बताउन सक्नुहुन्छ ।
- ICE का एजेन्टहरूले **तपाईंको मूल भाषा नबोल्न सक्छन् ।** ICE सँग कुराकानी गर्न, कुनै पनि अपोइन्टमेन्ट वा तपाईंलाई दिइने सुनुवाइका लागि तपाईंले **दोभाषे अनुरोध गर्न** पाउनुहुन्छ ।
- तपाईंले वकिलसँग कुरा नगरिकन तपाईंले **कुनै पनि कागजातमा हस्ताक्षर गर्न** वा **कुनै पनि प्रश्नहरूको जवाफ दिन आवश्यक हुँदैन** ।
- पक्राउ गरिएपछि, तपाईंसँग आफ्नो परिवार, साथीहरू, समुदायका अगुवाहरू वा अटर्नीलाई **फोन गर्ने अधिकार** हुन्छ ।
- पक्राउ परेको समयमा, तपाईंले आफ्नो परिवार, साथीहरू, समुदायका अगुवाहरू तथा अटर्नी लगायतका **मानिसहरूलाई भेट गर्न सक्नुहुन्छ** । कृपया ध्यान दिनुहोस् कि **हरेक जेलका आ-आफ्ना नियमहरू हुन्छन्** जसलाई भेट गर्न आउने मानिसहरूले अनिवार्य रूपमा पहिला नै पढ्नुपर्छ ।
- यदि तपाईंलाई पक्राउ गरिँदैछ भने **समुदायका मानिसहरूले ICE को सो कार्यलाई खिच्न सक्नेछन्** र त्यो उनीहरूले अधिकारीहरूको काममा अवरोध नगर्दासम्म गर्न सक्नेछन् । यदि ICE का एजेन्टहरूले तपाईंसँग कुरा गर्न वा तपाईंलाई पक्राउ गर्न प्रयास गरिरहेका छन् भने खिच्न सुरु गर्दा वा खिच्ने कार्यलाई जारी राख्दा यसले तपाईंलाई जोखिममा पार्न सक्नेछ ।
- **तपाईंले आफ्नो अटर्नीसँग**, तपाईंले राखेपछि वा तपाईंका लागि राखिएपछि, **तपाईंको पक्राउका सम्बन्धमा तपाईंसँग भएका वा तपाईंलाई पक्राउ गरेको देखे अरू कोहीसँग भएको कुनै पनि अडियो, भिडियो वा लिखित नोटहरू साझा गर्न सक्नुहुन्छ** ।
- **थप जानकारीका लागि**, तपाईं यहाँ जान सक्नुहुन्छ: bit.ly/NYLAGICE

## यदि तपाईं वा तपाईंको कोही प्रियजन डिपोर्टेसनको खतरामा हुनुहुन्छ भने तपाईंले योजना बनाउन सक्नुहुन्छ ।

- तपाईंले आप्रवासनसम्बन्धी नि:शुल्क तथा गोपनीय कानुनी सल्लाह प्राप्त गर्न सक्नुहुन्छ । आप्रवासी न्यूयोर्कबासीहरूले **ActionNYC** लाई **1-800-354-0365** मा बिहान 9 बजेदेखि बेलुका 6 बजेसम्म, सोमबारदेखि शुक्रबारसम्म वा 311 मा फोन गर्न सक्छन् र “ActionNYC (एक्सनNYC) भन्न सक्छन् ।”
- तपाईंले **कुनै आकस्मिक सम्पर्कलाई छनौट गर्न र उनको फोन नम्बर याद राख्न** सक्नुहुन्छ । आकस्मिक सम्पर्क भनेको तपाईंले विश्वास गर्ने कुनै पनि व्यक्ति हुन सक्छन्/सक्छिन्, जस्तै - परिवारको सदस्य, साथी, समुदायका अगुवा वा वकिल ।
- तपाईंले **आफ्नो कागजातहरूलाई व्यवस्थित गर्न** र तपाईंका आकस्मिक सम्पर्कहरूले पहुँच बनाउन सक्ने सुरक्षित ठाउँहरूमा तिनीहरूलाई राख्न सक्नुहुन्छ ।
- **थप जानकारीका** लागि तपाईं यहाँ जान सक्नुहुन्छ: nyc.gov/KnowYourRights